पूर्वखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पूर्वखोला, पाल्पा

५ नम्बर प्रदेश

# दरभाउ-पत्रआह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/०३/०६)

यस कार्यालयको लागि **ट्रष्ट भवन** निर्माण गर्ने काम शीलबन्दी दरभाउ-पत्रमार्फत गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुले रीत पुर्वकको दरभाउ-पत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउ-पत्रकासाथ तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) बुझाएको सक्कलै रसीद संलग्न राखी अद्यावधिक नविकरण भएको ठेक्का ईजाजतपत्र, पान नम्बर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७३/७४ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **१५** दिनभित्र यस कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउ-पत्र फाराम नियमानुसार भरी, खाममा सिलबन्दी गरी, खामको बाहिर कामको नाम, ठेक्का नम्बर., दरभाउ-पत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बोलपत्र बिक्रि ञगर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका दरभाउ-पत्र सोहि दिनको २:०० बजे दरभाउ-पत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि दरभाउ-पत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. सूचनामा उल्लेखित धरौटी बापतको रकम नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएका कम्तीमा ९० दिन म्याद भएको बिड बन्ड वा यस कार्यालयको रा.वा. बैंक तानसेन शाखामा रहेको धरौटी खाता नं. ३०३०३०३००७१०६ रकम जम्मा गरेको भौचरको सक्कलै प्रति दरभाउ-पत्रसाथ संलग्न हुनुपर्नेछ ।

४. प्रस्तावकले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउ-पत्र भरेको मानिनेछ ।

५. दरभाउ-पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सो को भोलीपल्ट दर्ता गर्न सकिनेछ ।

६.. दरभाउ-पत्र सम्बन्धी खरिद गरिएका डकुमेन्ट, स्पेसिफिकेशन, परिमाण सूची(Bill of Quantities)आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अंर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन सक्नेछ ।

७.. प्राप्त दरभाउ-पत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. दरभाउ-पत्र फारामको प्रत्येक पानामा दरभाउ-पत्रदाताले छाप सहित सहि गर्नुपर्नेछ ।

९. दरभाउ-पत्र दाताबाट आपूर्ति कार्यको दरभाउ-पत्रमा उल्लेखित परिमाण सूची(Bill of Quantities)मा प्रत्येक आईटमको दररेट भरी पेश गर्नु पर्नेछ ।

१०. दरभाउ-पत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११. यसमा उल्लेख नभएका बिषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६३ र प्रचलित ऐन/नियमअनुसार हुनेछ ।

| क.सं. | ठेक्का नं. | योजनाको नाम | ल.ई.अंक (भ्याट र कन्टिजेन्सी बाहेक)रु | धरौटी रकम | बोलपत्रको मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 02/2074-75/Works/PKRM/Palpa | कार्यालयको ट्रस्ट भवननिर्माण | १६,८३,३२७/१८ | ५७,०००/ | १,०००/- | |

हरिप्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत